# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, फागुन ३ गते २०३३ साल [ संख्या ४३

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उखडा समस्या समाधान गर्न लुम्बिनी अञ्चलका देहायका जिल्लाहरूमा देहायका अध्यक्ष तथा सदस्यहरू भएको ३ वटा उखडा समिति गठन गरेको छ।

रूपन्देही जिल्लाको लागि

१, का. मु. अञ्चल न्यायाधीश श्री केदारप्रसाद शर्मा– सदस्य
२, प्रमुख जिल्ला अधिकारी श्री थानेश्वरप्रसाद कोइराला– सदस्य
३, का.मु. भूमि प्रशासक श्री खेमराज शाह– सदस्य

नवलपरासी जिल्लाको लागि

१, का.मु. अञ्चल न्यायाधीश श्री केदारप्रसाद शर्मा– सदस्य
२, प्रमुख जिल्ला अधिकारी श्री ताराप्रसाद शर्मा– सदस्य
३, का.मु. भूमि प्रशासक श्री वासुदेव शर्मा घिमिरे– सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कपिलबस्तू जिल्लाको लागि

१, का. मु. अञ्चल न्यायाधीश श्री केदारप्रसाद शर्मा– सदस्य
२, प्रमुख जिल्ला अधिकारी श्री रामेश्वरप्रसाद प्रधान– सदस्य
३, भूमि प्रशासक श्री विजय रेग्मी– सदस्य

का. मु. अञ्चल न्यायाधीश श्री केदारप्रसाद शर्मालाई उक्त उखडासम्बन्धी समितिको अध्यक्ष तोकिएको छ।

सो समितिको अवधि सम्बन्धित जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले ६ महीना हुनेछ।

समितिलाई देहायबमोजिम अधिकार प्रदान गरिएको छ।

(क) उखडासम्बन्धी ऐन, २०२१ को दफा ७ बाहेकका अन्य दफाहरू यस समितिले प्रयोग गर्न पाउनेछ।

(ख) उखडा जग्गाधनीहरूले पाउने क्षतिपूर्तिको व्यवस्था मिलाउने।

(ग) उखडा जग्गाको खास दायित्व भएको जग्गाधनी पत्ता लगाउने।

(घ) उखडा जग्गाको क्षतिपूर्ति पाउने व्यक्तिको छानबीन गरी एकिन गर्ने।

(ङ) जग्गाधनी तथा मोहीको लगत बनाई सम्बन्धित जिल्लाको भूमि प्रशासन कार्यालयमा पठाउने र सो लगतबमोजिम तोकिएको अधिकारभित्र रही कार्यान्वयन गर्ने।

(च) क्षतिपूर्ति पाउने व्यक्तिहरूको नामावली तथा पाउने अंकसमेत खोली सूची तयार गरी सम्बन्धित जिल्लाको कोष तथा तहसील कार्यालयमा पठाउने।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

295

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।